## जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु

९५. **नगदी रसिद** – नगदी रसिद नियन्त्रण खातामा उल्लिखित विवरण अनुसार २०६२।६३ मा कृष्णनगर नाकाबाट भारतीय प्लेटका गाडीहरुबाट प्राप्त हुने स्थानीय विकास शुल्क बापतको रकम कृष्णनगर गाउं विकास समितिको कार्यालयबाटै लिने गरी १०० पाने १३ ठेली रसिद उक्त गाउं विकास समितिलाई उपलब्ध गराएकोमा सो रसिद ठेलीबाट भएको आय जिल्ला विकास समितिले प्राप्त गरेको नदेखिँदा रकम यकिन गरी जिल्ला विकास समितिको कोषमा दाखिला हुनुपर्दछ ।

९६. **ओभरहेड ट्याङ्की** – नेपाल तथा फिनल्याण्ड सरकारको संयुक्त सहयोगमा मोतिपुरस्थित ओभरहेड खानेपानी ट्याङ्की निर्माण कार्य २०५९।६० देखि शुरु भई २०६१।६२ मा रु.६५ लाखको लागतमा सम्पन्न भएको पाइयो । उक्त ट्याङ्की ढल्केको भनी पुन: २०६२।६३ मा रु.४० लाखको ठेक्का सम्झौता गरेकोमा उक्त ठेकेदारसँग क्षतिपूर्ति लिनेतर्फ कारबाही गरेको छैन । नयाँ ठेक्का सम्झौता अनुसार चालु वर्ष प्रथम रनिङ बिलबाट रु.६ लाख ५ हजार भुक्तानी दिएको छ । तर जिल्ला प्राविधिक कार्यालय, कपिलवस्तुका सम्बन्धित प्राविधिकले कामको परिमाण र गुणस्तरमा जिम्मेवारी बहन नगर्ने व्यहोरा नापी किताबमा उल्लेख गरेको पाइयो । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७५ बमोजिम प्रमाणित गर्नुपर्ने नापी किताव प्रमाणित नभएको अवस्थामा उक्त प्रथम रनिङ बिल भुक्तानी गर्नु उचित देखिएन ।

९७. **थप अनुदान** – जिल्ला विकास समितिको २०६१।३।१४ को निर्णय अनुसार श्रृङ्गीघाट–कुलापानी समितिलाई रु.१० लाख अनुदान दिएकोमा कारण नखुलाई पुन: रु.२ लाख थप गरेको छ । उक्त काम सम्बन्धमा कार्यालयले अनुगमन र प्राविधिक मूल्याङ्कन गरेको छैन । साथै सो सम्बन्धी कागजात लेखापरीक्षणको लागि पेश भएन ।

९८. **योजना स्वीकृति** – जनसहभागितामा आधारित विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६२ बमोजिम परियोजनाका कार्यक्रमहरु २०६२ माघभित्र कार्यान्वयन गर्न प्रस्ताव पेश गर्नुपर्नेमा जिल्ला विकास समितिको २०६३ जेष्ठ २८ को निर्णयबाट योजना स्वीकृत भएकोले निर्देशिकाबमोजिम कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

९९. **गाउं विकास समिति अनुदान** – गाउं विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६३ बमोजिम अनुदान निकासा दिँदा चौमासिक निकासा मागपत्र, अन्तिम लेखापरीक्षण प्रतिवेदन, पेश्कीको विवरण, गाउं परिषद्बाट स्वीकृत वार्षिक कार्यक्रम, वार्षिक प्रगति विवरण लगायतका कागजात संलग्न गराउनुपर्नेमा सो कागजात बेगर २२ गाउं विकास समितिलाई रु.१२ लाख ११ हजार निकासा खर्च लेखेको छ ।

१००. **अक्षय कोष** – यूनिसेफको सहयोगमा सञ्चालित बालबालिका र महिलाको लागि विकेन्द्रित कार्यक्रम लागू भएका ६ गाउं विकास समितिको लागि सम्झौताबमोजिम प्रति गाउं विकास समिति रु.१ लाखले रु.६ लाख अक्षय कोष बापत रकम उपलब्ध गराएकोमा सो कार्यक्रमको जिल्ला विकास समितिबाट अनुगमन भएको छैन ।

१०१. **धरौटी आम्दानी** – धरौटी स्रेस्ता अनुसार रु.८८ लाख ४६ हजार र बैङ्क अनुसार रु.९२ लाख २३ हजार धरौटी मौज्दात रहेको छ । स्रेस्तामा भन्दा बैङ्कमा बढी देखिएको रु.३ लाख ७७ हजारको सम्बन्धमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ९० अनुसार आम्दानी बाँधेको छैन ।

- **स्थानीय विकास कोष –**

१०२. **कार्यसम्पन्न** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७८ बमोजिम कार्यसम्पन्न प्रतिवेदन बेगर १० उपभोक्ता समितिलाई रु.२ लाख २२ हजार अन्तिम किस्ता भुक्तानी दिएको छ ।